संघीय संसद
प्रतिनिधि सभा
**सार्वजनिक लेखा समिति**
**बैठक संख्या-३८**

मितिः-२०८१/१२/०८

**छलफल तथा निर्णयहरु**

समितिको आजको बैठकमा समितिमा प्राप्त उजुरीउपर समितिका सदस्यहरुले आ-आफ्नो धारणा प्रस्तुत गर्नुभयो । समितिमा भएको छलफल र सदस्यहरुको सुझावका आधारमा प्राप्त उजुरी उपरको कार्यवाही यथाशीघ्र अगाडि बढाउने सम्बन्धमा देहायबमोजिमको निर्णय भयो।

१. प्राथमिकीकरण गरिएका उजुरी उपरको छलफललाई प्रभावकारी बनाउन देहाबमोजिमको क्षेत्रगत उजुरी अध्ययन कार्यदल गठन गर्ने र प्राथमिकीकरण पश्चात् समितिमा दर्जा भएका उजुरीहरुको वर्गीकरण गर्न यस अगाडिनै समितिको ३४ औं बैठकबाट माननीय संजय गौतमको अध्यक्षतामा गठित अध्ययन उपसमितिले गर्ने,

**टेलिकम, दुरसंचार र टेलिभिजन**

- **मनिष झा- संयोजक**
- अच्युत मैनाली- **सदस्य**
- अर्जुन नरसिंह केसी- **सदस्य**

**अर्थ, गैर कानूनी बिमा, मोबाइल बैंकिङ् र एमसिसि**

- **गोकुल बास्कोटा- संयोजक**
- रामकृष्ण यादव- **सदस्य**
- डा. अमरेश सिंह- **सदस्य**

**संस्कृति तथा परराष्ट्र मन्त्रालय**

- **लेखनाथ दाहाल- संयोजक**
- सराज अहमद फारुकी- **सदस्य**
- मन्जु खांण- **सदस्य**

**विद्युत प्राधिकरण र केन्द्रीय अनुसन्धान**

- **प्रेम आले- संयोजक**
- अमनलाल मोदी- **सदस्य**
- श्याम कुमार घिमिरे- **सदस्य**

**सहकारी, वैदेशिक रोजगार र धितोपत्र**

- **सञ्जय गौतम- संयोजक**
- ज्वाला कुमारी शाह- **सदस्य**
- विक्रम पाण्डे- **सदस्य**

**खेलकुद, नेपाल स्काउट, गैरकानूनी बाटो र सरकारी जग्गा फिर्ता**

- **देव प्रसाद तिमलसेना- संयोजक**
- हरि ढकाल- **सदस्य**
- राजेन्द्र लिंङदेन- **सदस्य**

**स्वास्थ्य मन्त्रालय, क्रसर र शहरी विकास**

- **तारा लामा तामाङ- संयोजक**
- असिम शाह- **सदस्य**
- जनार्दन शर्मा- **सदस्य**

१. समितिमा प्राप्त उजुरीहरु मन्त्रालयगत रुपमा विभाजन गरी उक्त उजुरीहरुउपर सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय, विभाग र कार्यालयको प्रतिक्रिया सात(७) दिनभित्र समितिमा प्राप्त हुने गरी प्रतिक्रिया माग गर्ने,

२. सातै वटा कार्यदलले बैठकको मितिले एक महिनाभित्र सबै उजुरीहरुको प्रस्तावित निर्णयसहित मुल समितिमा पेश गर्ने,

३. समितिको मिति २०८१ जेठ २७ गते राष्ट्रिय गौरवको आयोजनाका रुपमा सम्पन्न भएका गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, पोखराको निर्माण सम्पन्न भएपश्चात पनि पूर्ण रुपमा सञ्चालनमा आउन नसकेको तथा भौतिक पूर्वाधार निर्माणका पक्षहरुमा त्रुटिहरुसमेत रहेका छन् कि? भन्ने सम्बन्धमा स्थलगत अध्ययन तथा अनुगमन गरी समितिसमक्ष प्रतिवेदन बुझाउने गरी गठन भएका स्थलगत अध्ययन उपसमितिलाई आफ्नो प्रतिवेदन बैठकको मितिले १५ दिनभित्र समितिमा पेश गर्न निर्देश गर्ने,

४. आगामी बैठकमा हुलाकी, विपी र अरनिको लगायतका राष्ट्रिय राजमार्गहरुको वर्तमान अवस्थाबारे छलफल गर्न भौतिक पुर्वाधार तथा यातायात मन्त्रालका माननीय मन्त्री र सचिवज्यूलाई आमन्त्रण गर्ने,

५. समितिको अर्को बैठक सूचना भएपछि बस्ने गरी यो बैठक स्थगित भयो।

२०८१/१२/८